कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, इलाम
इलाम, नेपाल

प.सं. : २०८२/०८३ मिति : २०८२/०९/१६
च.नं. : ११४६

## सूचना । सूचना ॥ सूचना ॥।

## पुराना सवारी साधनहरु लिलाम विक्रि सम्बन्धी सूचना

**दोस्रो पटक गोरखा दैनिक पत्रिकामा प्रकाशित मिति :- २०८२/०९/१६**

यस कार्यालयबाट विभिन्न मुद्दाहरुमा पक्राउ भई सम्मानित अदालतबाट मुद्दा फैसला हुँदा जफत हुने ठहर भएका डिभिजन वन कार्यालय, इलामको कार्यालय परिसरमा रहेका तपसिलमा उल्लेखित सवारी साधनहरु (टेलर सहितको ट्याक्टर) दर्ता तथा नामसारी नहुने गरी (Scrap Value) जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थाबाट आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो गोप्य शिलवन्दी बोलपत्रको सूचना आव्हान गरिएको छ ।

१. शिलबन्दी बोलपत्रबाट लिलाम विक्रि गरिने पुराना सवारी साधनहरु निम्न लट अनुसार राखिएको छ ।

लट नं. १/०८२/८३

| लट नं. | सवारी नं. | किसिम | परल मूल्य रु. | बनेको साल इ.सं. | हालको न्यूनतम मूल्य रु. (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मे.१.त ४१०३ | महेन्द्र एण्ड महेन्द्र ट्याक्टर | १५,१०,०००.०० | २०१३ | २,००,०००.०० | |

लट नं. २/०८२/८३

| सि.नं. | सवारी नं. | किसिम | परल मूल्य रु. | बनेको साल इ.सं. | हालको न्यूनतम मूल्य रु. (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | को.२.त १२७ | महेन्द्र एण्ड महेन्द्र ट्याक्टर | १८,२५,०००.०० | २०१२ | २,००,०००.०० | |

लट नं. ३/०८२/८३

| सि.नं. | सवारी नं. | किसिम | परल मूल्य रु. | बनेको साल इ.सं. | हालको न्यूनतम मूल्य रु. (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मे.१.त ४१८८ | महेन्द्र एण्ड महेन्द्र ट्याक्टर | १५,१०,०००.०० | २०१३ | २,००,०००.०० | |

**नोट :- १० बर्ष भन्दा पुरानो सवारी साधनको लिलाम दर्ता नहुने भएकोले स्क्यापको लागि मात्र लिलाम विक्री गरिने ।**

२) गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक सूचना प्रकाशन भएको मिति २०८२/०९/१६ ले २१ (एक्काईं) औं दिन मिति २०८२/१०/०६ गते सम्म यस कार्यालय र प्रदेश वन निर्देशनालय, धरानबाट तोकिएको मूल्य रु. १,०००।- (फिर्ता नहुने गरी) तिरी बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्न इच्छुक व्यक्ति/फर्म वा कम्पनीका प्रोपाईटरले बोलपत्र खरिद गर्न दिइएको निवेदनको साथमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र कवाडी सवारी साधन खरिद विक्रिको कारोवार गर्ने उद्योग/व्यवसाय/फर्मको कारोबार गर्न इजाजत पाएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।



क्रमशः

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, इलाम

इलाम, नेपाल

३) खरिद गरिएका बोलपत्रहरु रितपूर्वक भरी शिलवन्दी गरेर मिति २०८२/१०/०७ गते दिनको २:०० बजे भित्रमा बोलपत्र खरिद गरेको कार्यालयमा दाखिला गर्न सकिने छ ।

४) प्रत्येक लटका सवारी साधनको लागि अलग अलग कबोल रकम, सो बापतको धरौटी रकम बोलपत्रमा उल्लेख गर्नुपर्ने र बेग्लाबेग्लै लटको लागि बेग्लाबेग्लै बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र खाममा लट नं. र फर्मको नाम, शिल (लाहा छाप) को किसिम र थान अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । उल्लेख नगरेको त्यस्तो बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुनेछैन । लटको मूल्यांकन गर्दा सोही लटको अधिकतम कबोल मूल्यलाई आधार मानिनेछ ।

५) जसको नाममा बोलपत्र फाराम विक्रि भएको हो उसैको तर्फबाट दाखिला गर्नुपर्नेछ ।

६) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम को.ले.नि.का. इलामको नेपाल बैंक लिमिटेड इलाम शाखामा रहेको धरौटी खाता नं. ०४००२०००००२००३००००००१ मा जम्मा गर्न पठाउने कार्यालयको नाम डिभिजन वन कार्यालय इलाम, कार्यालय कोड ३२९०१०३०११ मा जम्मा गरी सो को सक्कल भौचर समावेश गरेको हुनुपर्नेछ वा कम्तिमा ६ महिना सम्मको बैंक ग्यारेण्टी संलग्न भएको हुनुपर्ने छ । धरौटी रकम अनिवार्यरुपमा प्रतिस्पर्धा गर्ने फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ । **साथै धरौटी रकमको हकमा प्रत्येक लटको लागि छुट्टा छुट्टै भौचर भरी हरेक शिलवन्दी दरभाउ पत्रसाथ पेश गर्नुपर्ने छ ।**

७) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ ।

८) बोलपत्र र सो सम्बन्धि कागजातमा बोलपत्रदाता वा फर्मको सहिछाप भई नआएमा, सिल खोलिएको वा टुटफुट भएकोमा सो बोलपत्र अमान्य हुनेछ ।

९) लिलाम बढाबढ हुने उपरोक्त लटको सवारी साधन कार्यालय खुलेको समय भित्र सम्बन्धित स्थलमा गई हेर्न सकिनेछ ।

१०) रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१०/११ गते विहान ८:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र सम्बन्धित निकायको रोहवरमा यस कार्यालयमा खोलिने छ ।

११) सकारकर्ताले लिलाम स्वीकृती भएको जानकारी प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम र निर्धारित मूल्य अभिबृद्धिकर बुझाई लिलाममा चढाएको सवारी साधन तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१२) सम्बन्धित कार्यालयहरुबाट विक्रि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ ।

१३) म्याद नाघी, शर्त राखी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

१४) बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

१५) उपयुक्त सूचना सम्बन्धमा कुनै कुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ । सो को जानकारी यस कार्यालयको वेवसाइट dfoilam.koshi.gov.np बाट गराईनेछ

१६) अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१७) यस सम्बन्धमा थप जानकारी चाहिएमा मो.नं. ९८५२६८५६१४ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**इति सम्बत् २०८२ साल पौष १६ गते रोज ४ मा शुभम् ।**

वीरेन्द्र साह
डिभिजनल वन अधिकृत
अधिकृतस्तर दशौं